# श्रीकृष्ण भजन राष्ट्रिय प्रतियोगिताको तयारी



**ढोरपाटन संवाददाता**
पोखरा, ७ भदौ

पोखराको शुक्ला साहित्य प्रतिष्ठानले आयोजना गर्न लागेको राष्ट्रियस्तरको श्रीकृष्ण भजन प्रतियोगिताको तयारी तिव्र वनाएको छ ।

श्रीकृष्ण जन्माष्टमीको अवसरमा यही भाद्र १० गते पोखरा १६ वाटुलेचौरको खेल मैदानमा हुने धार्मिक झाँकीसहितको प्रतियोगिताको तयारी तीव्र पारिएको प्रतिष्ठानका अध्यक्ष हरिबहादुर वरुवालले जानकारी दिए । विगत २५ वर्षदेखि निरन्तर रुपमा प्रतियोगिता गर्दै आइरहेको प्रतिष्ठानले यस वर्ष प्रतियोगिता संचालनको रजत जयन्ती समारोहका साथमा कार्यक्रमलाई विशेष वनाउने गरी तयारी तीव्र पारेको र आन्तरिकबाहेकका वाह्य तयारी अन्तिम चरणमा पुगेको बताइएको छ । प्रतियोगिता संचालनका लागि करिव १६ लाख रुपैयाँ खर्च लाग्ने र उक्त रकम विभिन्न सहयोगी संघ संस्था एवं दाताहरुवाट संकलन गरिने लक्ष्यका साथ विभिन्न संस्था, व्यवसायीको घर दैलोमा पुगी सहयोग आव्हान गरिएको अर्थ संकलन उपसमितिका संयोजक कुलबहादुर खत्रीले जानकारी दिए । प्रतियोगितामा उल्लेख्य सहभागिता जनाउने गरी प्रचार प्रसारलाई समेत तीव्रता दिइएको प्रचार प्रसार उपसमितिका संयोजक रामप्रसाद पौडेल घर्मेलीले वताए । प्रतियोगितामा कास्कीसहित छिमेकी जिल्ला तनहुँ, पर्वत, स्याग्जा,पाल्पा, लमजुङ, म्याग्दी लगायतका जिल्लावाट सहभागी हुने प्रतिष्ठानले जनाएको छ ।

प्रतियोगितामा प्रथम हुने टोलीलाई नगद रु १ लाख र प्रमाणपत्र, दोस्रो हुनेलाई ७५ हजार, प्रमाणपत्र, तेस्रो हुनेलाई नगद ५० हजार, प्रमाणपत्र, सान्त्वना हुने टोलीलाई नगद २५ हजार प्रमाणपत्र र सहभागी टोलिलाई प्रोत्साहन स्वरुप नगद ५ हजार पुरस्कार प्रदान गरिने प्रतिष्ठानका सचिव दीपेन्द्र बानियाँले जानकारी दिए ।

# फेवामा डुबेर बालकको मृत्यु

**ढोरपाटन संवाददाता**
पोखरा, ७ भदौ

फेवातालमा डुबेर १३ वर्षीय बालकको मृत्यु भएको छ । पर्वतको फलेबास नगरपालिका २ थापाठाना घर भइ पोखरा ७ अन्नपूर्ण टोलमा बस्ने १३ वर्षीय प्रस्ताव क्षेत्रीको फेवातालमा डुबेर मृत्यु भएको कास्कीका प्रहरी प्रमुख एससपी मोहन थापाले जानकारी दिए । उनी शुक्रबार दिउँसो साढे १ बजेदेखि हराएको सूचना प्राप्त भएपछि खोजी गर्दा फेवातालमा शव फेला परेको प्रहरीले जनाएको छ ।




के तपाईमा यौन सम्बन्धी समस्या छ

- पुरुषहरूमा देखिने:

शिघ्रपतन, यौन सन्तुष्टि नहुने,यौन चाहना नहुने,लिंग उत्तेजना नहुने, लिंग चिलाउने,सरुवा यौन रोग,स्वप्नदोष,लिंगकोआकारसानोहुने आदि ।

- महिलाहरूमा देखिने:

स्तन सानोगिलोहुने,सेतोपानी बग्ने,योनी चिलाउने,तल्लोपेट दुख्ने, ढाड दुख्ने,महिनावारीमा गडवडी,यौन सन्तुष्टिमा कमी हुनेआदि ।

- सुन्दरता :

अनुहारका सबैकिसिमका दाग,डण्डीफोर,कालोपोतो,अनावश्यक कोठी वा फोकाहरु,दुवी,सेता दुवी साथैअन्य चर्मरोगहरु

- मलद्धारसम्बन्धी रोग :

छारसुत्रद्धारा पालल्स्,फिस्टुला, फिसरकोसफल उपचारका साथै मलछारमा मासु पलाएको,दिशा बस्दा गाह्रोहुने,मलद्धारदुख्ने,पाल्ने, दिसासँग रगत बग्नेआदि समस्याहरुकोसफल उपचारगरिन्छ ।

महिला वा पुरुषमा हुने(बाँझोपन) नि:सन्तानपनकोसफल उपचार

जाँच्नेसमय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बुलेकी ५:०० बजेसम्म

सम्पर्कस्थान :
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार,पोखरा (न्यू विवेक आयल स्टोर्सभएकोघरमा)
फोन नं. : ०६१-५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ ताथ पुराना रोगीहरुलेतुरुन्त सम्पर्कगर्नुहोला ।

# कर्मचारी आवश्यकता सम्बन्धी सुचना

*बिज्ञापन प्रकाशन मिति २०८१ भाद्र ०८ गते*

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र रहेको यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुका लागि तपशिलमा उल्लेखित पदहरुमा कर्मचारीहरु आवश्यक भएकोले आन्तरिक तथा खुल्ला प्रतिस्पर्धाबाट पदपुर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन दिन आह्वान गरिन्छ । आवेदन यस वित्तीय संस्थाको *Website* मा गई अनलाइन आबेदन फारममा भएका विवरणहरु भरी आबेदन पठाउन सकिनेछ । प्राप्त हुन आएका आवेदनहरु मध्ये रित पुगेका योग्य आवेदकहरुको छोटो सुची र परिक्षा सम्बन्धी कार्यक्रम आबेदन दिने म्याद समाप्त भएको मितिले ७ दिन भित्रमा *Website* मा प्रकाशित गरिने साथै टेलिफोन र इमेलबाट समेत जानकारी दिन सकिनेछ ।

**तपसिल :**

| क्र. सं. | विज्ञापन नं. | पद | श्रेणी | पदपुर्ति माग संख्या | | | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक प्रतियोगिता/ का.मुल्याकन माग संख्या | खुल्ला प्रतियोगिता माग संख्या | कुल संख्या | |
| १ | ०१/२०८१/०८२ | सहायक प्रवन्धक | ब्यवस्थापकीय | ० | १ | १ | स्नातकोत्तर वा सो सरह परीक्षा उर्त्तीण गरी बैक तथा वित्तीय संस्थामा ब.अधिकृत पदमा रही कम्तीमा ३ बर्ष कार्य गरेको वा स्नातक तह वा सो सरह उत्तीण गरी अधिकृत पदमा कम्तीमा ५ बर्षको कार्यअन'भव भएको । (विभागियको रुपमा कार्य गरेकालाई प्राथमित्ता दिइने छ ।) |
| २ | ०२/२०८१/०८२ | बरिष्ठ अधिकृत/अधिकृत<br><br>सूचना प्रविधी/आन्तरिक लेखा परिक्षक/वित्त प्रमुख | अधिकृत | ० | २ | २ | सूचना प्रविधीका लागि BIT, BIM, BBIS, BCA, BCIS, BEIT, Bsc,cs/ IT, Bed CSIT उर्तिण कार्य अनुभव भएकालाई प्राथमिकता आन्तरिक<br>लेखा परिक्षणका लागि ACCA/semi Qualified CA उर्त्तिण गरी बैंक तथा वित्तीय संस्थामा क्षेत्रगत कार्य अनुभव भएको<br>सुचना प्रबिधी र आ.ले.प बाहेकका लागि स्नातक तह वा सो सरह उर्त्तीण गरी एक तह मुनीको पदमा कम्तीमा ३ बर्षको कार्यअनुभव भएको लघुवित्त संस्थाको केन्द्रीय कार्यालयमा विभागिय सहायकको रुपमा कार्यगरेकालाई प्राथमिकता । |
| ३ | ०३/२०८१/०८२ | अधिकृत/ कनिष्ट अधिकृत/व्यवस्थापन प्रशिक्षार्थी (अनुगमन) | अधिकृत | २ | २ | ४ | अधिकृतका लागि स्नात्तक वा सो सरह उर्त्तीण गरी बैक तथा वित्तीय संस्थामा एक तह मुनीको पदमा रहि कम्तीमा २ बर्ष कार्य अनुभव भएको<br>कनिष्ट. अधिकृतका लागि स्नात्तक वा सो सरह उर्त्तीण गरी बैक तथा वित्तीय संस्थामा एक तह मुनीको पदमा रहि कम्तीमा ३ बर्ष कार्य अनुभव भएको हुनु पर्नेछ ।<br>(विभागिय सहायक वा अनुगमनको कार्य अनुभवलाई प्राथमिकता) |
| ४ | ०४/२०८१/०८२ | सूपरभाईजर/बरिष्ठ सहायक<br><br>(अनुगमन/शाखा प्रमुख) | सहायक | ४ | ५ | ९ | सूपरभाईजरका लागि स्नातक उर्तिण गरी लघुवित्त संस्थामा एक तह मुनी २ बर्षको कार्य अनुभव भएको वा प्रबिणता प्रमाणपत्र तह उर्तिण गरी लघुव्त्ति क्षेत्रमा ५ बर्ष कार्य अनुभवसहित कम्तिमा ३ एक तह मुनी कार्य अनुभव रहेको शाखा प्रमुख/ अनुगमन भई कार्य गरेको ।<br>बरिष्ठ सहायकका लागि स्नातक उर्तिण गरी लघुवित्त संस्थामा एक तह मुनीको पदमा २ बर्षको कार्य अनुभव वा प्रबिणता प्रमाणपत्र तह उर्तिण गरी एक तहमुनीको पदमा ३ बर्ष कार्य अनुभव (कम्तिमा २ बर्ष शाखा प्रमुख भई कार्य गरेको)। |
| ५ | ०५/२०८१/०८२ | सहायक | सहायक श्रेणी | ४ | ५ | ९ | स्नातक उर्तिण गरी लघुबित्त संस्थामा कम्तिमा १ बर्ष एकतह मुनीको पदमा रही वित्तीय क्षेत्रमा कामगरेको अनुभव भएको वा प्रबिणता प्रमाणपत्र तह उर्तिण गरी लघुबित्त क्षेत्रमा ३ बर्ष कार्यअन'भव भई एक तह मुनीको पदमा २ बर्ष कार्य गरेको । |
| ६ | ०६/२०८१/०८२ | कनिष्ट सहायक | सहायक श्रेणी | २ | ४ | ६ | प्रबिणता प्रमाणपत्र तह उर्तिण बैक तथा बित्त क्षेत्रमा कम्तिमा १ बर्षको कार्य अनुभव भई काम गरेको वा एस.एल.सि/एस.इं.इं वा सो सरह उर्तिण गरी बित्त क्षेत्रमा कम्तिमा २ बर्ष कार्य अनुभव भई काम गरेको । कम्प्युटर वर्ड, एक्सल चलाउन जानेको साथै दुई पाङ्ग्रे साधन भएको लाई प्राथमिकता दिइने छ । |
| ७ | ०७/२०८१/०८२ | कनिष्ट सहायक प्रशिक्षार्थी | सहायक श्रेणी | ० | ४ | ४ | मान्यता प्राप्त शैक्षिक संस्था बाट एस.एल.सि/एस.ई.ईउर्तिण गरेको हुनु पर्ने छ । कम्प्यूटर वर्ड, एक्सल चलाउन सक्ने अनुभव तथा ज्ञान भएको ब्यक्तिलाई बिशेष प्राथमिकत्ता दिईनेछ । |

- उमेरको हद: सहायक श्रेणीको लागि १८ बर्ष पुरा भई ३५ वर्ष ननाघेको, अधिकृत श्रेणी देखी माथिल्लो पदका लागि २१ वर्ष देखी ४० वर्ष ननाघेको हुनु पर्ने छ तर महिला उम्मेदवारको हकमा ५ वर्ष थप हुनेछ । संस्थामा कार्यरत कर्मचारीहरुलाई उमेरको हद लागु हुने छैन ।
- परिक्षाको किसिम : लिखित, प्रस्तुतीकरण/प्रयोगात्मक/मौखिक अर्न्तवार्ता छोटो सूचिमा परेका उमेदवारहरुको सूचना संस्थाको आधिकारिक *Website* मा प्रकाशन गरिनेछ ।
- परिक्षा दस्तुर : छोटो सूचिमा परेका उमेदवारले तोकिएको बिज्ञापन न. १ को लागि रु ७००।० र २ देखी ४ का लागि शुल्क रु.५००/- अन्य रु.३००/- एन आइसी एसिया बैक खाता नं. ०७४१५००१९०४५००२ मा दाखिला गरेको भौचरका आधारमा पदपुर्ति समितिले श्रेणी अनुसार लिखित, प्रस्तुतीकरण/प्रयोगात्मक/मौखिक अर्न्तवार्तामा भाग लिन पाउने छन् । परिक्षा सञ्चालन वित्तीय संस्थाको केन्द्रीय कार्यालय बागलुङमा हुनेछ ।
- परिक्षाको पाठ्यक्रम: यस वित्तीय संस्थाको https:dhaulagiribank.com/career मा curriculum भित्र रहेको छ ।
- तलव तथा सूबिधा : वित्तीय सस्थाको नियमानुसार हुनेछ ।
- दरखास्त बुझाउने स्थान: धौलागिरी लघुबित्त वित्तीय संस्था लि.को आधिकारी ब्यवसाइडमा गई https:dhaulagiribank.com/career मा हस्तलिखित निवेदनका साथै Bio–Data,, शैक्षिक योग्यताका प्रमाण पत्र, बिज्ञापनमा तोकिएअनुरुको कार्य अनुभवको प्रमाण पत्र लगायत अन्य प्रमाण पत्र PDF मा अप्लोड गर्नु पर्ने छ ।
- दरखास्त मिति : सुचना प्रकाशन मिति भएको मितिले १५ दिन भित्र, अन्तिम मितिमा बिदा परेमा सोको भोली पल्ट सम्म आबेदन बुझाउन सकिनेछ ।
- आन्तरिक प्रतियोगिता बिज्ञापनमा संस्थामा कार्यरत कर्मचारीहरुका लागि आवेदन दिन पाउनेछन् जसमा संस्थाको कर्मचारी सेवा विनियमावली २०८० अनुरुपको शैक्षिक योग्यता मान्य हुनेछ ।
- म्याद नाघेको वा रित नपुगेका र तोकिए अनुरुपको कार्य अनुभव पुरा नभएका निवेदनहरु स्वत: रद्ध हुने छन् ।
- छोटो सूचिमा गरेका उम्मेदवारहरुलाई मात्र लिखित, प्रस्तुतीकरण/प्रयोगात्मक/मौखिक अर्न्तवार्तामा समाबेश गराइने छ, छोटो सूचिमा परेका उमेदवारहरुको सूचना संस्थाको आधिकारिक Website मा प्रकाशन साथै संस्थाको सुचना बोडमा टाँस गरिनेछ ।
- संस्थाको आवश्यक्ता अनुसार कर्मचारीको छनोट गर्ने तथा रद्ध गर्ने सम्पद्रर्ण अधिकार वित्तीय संस्थामा निहित रहने छ ।
- थप जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं ०६८-५२०९०५ मा सम्पर्क गर्न सकिने छ ।

**पदपुर्ति समिती**
**सम्पर्क नं ०६८ ५२०९०५,**

**धौलागिरी लघुवित्त वितीय संस्था लिमिटेड**
DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITTED

ढोरपाटन सञ्चार प्रा.लि.द्वारा प्रकाशित, **प्रधान सम्पादक:** हरिनारायण गौतम, **कार्यकारी सम्पादक :** रामकृष्ण बोहरा, **प्रधान कार्यालय :** बा.न.पा.-२, बागलुङ, **पोखरा कार्यालय:** सिर्जनाचोक-८, कास्की, Email: dailydhorpatan@gmail .com फोन : ०६८-५२०३८३, ०६१-५७८९०५ **मुद्रण :** हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा